## नेपाल सरकार, मन्त्रिपरिषद्को २०८२ मङ्सिर ८ गतेको बैठकका निर्णयहरू

| क्र.सं | मन्त्रालय | निर्णयको सङ्क्षिप्त व्यहोरा |
|---|---|---|
| १ | अर्थ मन्त्रालय | युरोपियन युनियनबाट Green and Reliable Energy for Economic Prosperity in Nepal (GREEN+) परियोजनाको लागि प्राप्त हुने २३.५८ मिलियन युरो अनुदान सहायता स्वीकार गर्ने। |
| २ | उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय | विशेष आर्थिक क्षेत्रको मासिक भाडादर प्रति वर्ग मिटर रु.२०।- बाट घटाई प्रति वर्ग मिटर रु.५।- कायम गर्ने। |
| ३ | ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय | विद्युत नियमन आयोगलाई South Asia Forum Infrastructure Regulation (SAFIR) को सदस्यता लिन स्वीकृति दिने। |
| ४ | ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय | भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय अन्तर्गत नेपाल पानी जहाज कार्यालयमा कार्यरत सहसचिव श्री प्रेमकुमार सिंहले पेश गर्नु भएको राजीनामा स्वीकृत गर्ने। |
| ५ | गृह मन्त्रालय | नेपाल प्रहरीको संगठन तथा व्यवस्थापन सर्वेक्षण गर्न पूर्वस्वीकृति प्रदान गर्ने। |
| ६ | खानेपानी मन्त्रालय | मेलम्ची खानेपानी आयोजना प्रभावित क्षेत्रको पूर्वाधार विकाससँग सम्बन्धित विषयमा अनुगमन, अन्तरनिकायगत समन्वय तथा सहजीकरण गर्न प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका सचिवको संयोजकत्वमा मेलम्ची खानेपानी आयोजना प्रभावित क्षेत्र अनुगमन, समन्वय एवं सहजीकरण समिति गठन गर्ने। |
| ७ | गृह मन्त्रालय | २०८२ भदौ २३ र २४ गतेको प्रदर्शनका क्रममा घाइते भएकाहरूको उपचार र राहतलाई प्रभावकारी बनाउन गठित समन्वय समिति तथा गृह मन्त्रालयको हेल्प डेस्कमा काम गर्ने बढीमा दश जना सदस्यहरूलाई मासिक पन्ध्र हजार रुपियाँका दरले बढीमा चार महिनाका लागि खाजा तथा यातायात खर्च उपलब्ध गराउने। |
| ८ | गृह मन्त्रालय | नेपाल प्रहरीका प्रहरी नायब महानिरीक्षक श्री ईश्वर कार्कीलाई प्रहरी अतिरिक्त महानिरीक्षक पदमा बढुवा गरी काठमाडौं उपत्यका प्रहरी कार्यालयमा पदस्थापन गर्ने। |
| ९ | वन तथा वातावरण मन्त्रालय | आ.व.२०८२/८३ मा वन तथा वातावरण मन्त्रालयअन्तर्गत सञ्चालन हुने आयोजना तथा कार्यक्रमहरूका लागि अधिकृतस्तरको सैंतिस अस्थायी दरबन्दी स्वीकृत गर्ने। |
| १० | वन तथा वातावरण मन्त्रालय | संरक्षण क्षेत्र वा मध्यवर्ती क्षेत्रमा मिति २०८१/३/२४ भन्दा अगावै तत्काल प्रचलित कानूनी व्यवस्थाबमोजिम जलविद्युत् उत्पादनका लागि सर्वेक्षण अनुमतिपत्र प्राप्त गरिसकेका वा ऊर्जा खरिद सम्झौता |

| | | |
|---|---|---|
| | | सम्पन्न भएका आयोजनाहरूको वातावरणीय अध्ययन सहमति, स्वीकृति तथा राष्ट्रिय वनको जग्गा प्रयोग गर्ने प्रक्रियाहरू प्रचलित कानूनबमोजिम वन तथा वातावरण मन्त्रालयले अगाडि बढाउने। साथै, संरक्षित क्षेत्रभित्र पेट्रोलियम पाइपलाइन, पर्यापर्यटन र स्थानीय जनताको जीवनयापनसँग प्रत्यक्ष सम्बन्ध राख्ने खानेपानी, बाटोघाटो, पुलपुलेसा, सिँचाइ, सञ्चार, सार्वजनिक यातायात, विद्युत प्रसारण लाइन, स्वास्थ्य सेवा जस्ता आधारभूत सेवा र सुविधासँग सम्बन्धित कार्यहरूको लागि मात्र वातावरणीय अध्ययन सहमति, स्वीकृति तथा राष्ट्रिय वनको जग्गा प्रयोग गर्न दिने वा सट्टाभर्ना जग्गा लिने प्रक्रिया प्रचलित कानूनबमोजिम वन तथा वातावरण मन्त्रालयले अगाडि बढाउने। |
| ११ | शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय | अन्तर्राष्ट्रिय आणविक ऊर्जा एजेन्सीको आयोजनामा आगामी २०८२ मङ्सिर १५ देखि १९ गतेसम्म चीनको बेईजिङमा हुने National Liaison Officers Meeting for Asia and the Pacific Region विषयक कार्यक्रममा सचिव (विज्ञान प्रविधि) श्री विश्ववावु पुडासैनीलाई सहभागिताको लागि स्वीकृति दिने। |
| १२ | नेपाल सरकारका मुख्यसचिव श्री एकनारायण अर्यालले मिति २०८२।८।१० देखि अनिवार्य अवकाश प्राप्त गर्नुहुने हुँदा उहाँको अवकाश स्वीकृत गर्ने र उहाँले हालसम्म पुऱ्याउनु भएको योगदानको लागि नेपाल सरकारका तर्फबाट धन्यवाद दिने। | |
| १३ | राष्ट्रिय योजना आयोगका सचिव श्री गोकर्णमणि दुवाडीले मिति २०८२।८।१० देखि अनिवार्य अवकाश प्राप्त गर्नुहुने हुँदा उहाँको अवकाश स्वीकृत गर्ने र उहाँले हालसम्म पुऱ्याउनु भएको योगदानको लागि नेपाल सरकारका तर्फबाट धन्यवाद दिने। | |
| १४ | नेपाल सरकारको मुख्यसचिव पदमा मिति २०८२/८/१० देखि लागु हुनेगरी रक्षा मन्त्रालयका सचिव श्री सुमनराज अर्याललाई बढुवा गर्ने। | |